**चीनको ग्वान्जाउ शहरमा मिति १-५ मे, २०१८ मा संचालन हुने 123th China Import Export Fair 2018 को सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवज्यू एवं केन्द्रका पदाधिकारी र मेलामा सहभागि हुनुहुने व्यवसायीहरुबीच मेलाको तयारीको कार्य प्रगती सम्बन्धी छलफल**




*मिति २०७५ बैशाख १० गते*

मुलूकको व्यापार क्षेत्र खासगरी निर्यात व्यापारलाई प्रवर्द्धन गर्न वाणिज्य नीति, २०७२ र नेपाल व्यापार एकीकृत रणनीति, २०७३ कार्यान्वयनमा रहेको छन्। वाणिज्य नीतिको उद्देश्यमा क्षेत्रीय तथा विश्व वजारमा वस्तु, सेवा र वौद्धिक सम्पत्तिको पहुँच बृद्धि गर्ने विषय रहेको छ भने नेपाल व्यापार एकीकृत रणनीतिले नेपालको तुलनात्मक र प्रतिस्पर्धि लाभ भएका वस्तु र सेवालाई प्राथमिकताका साथ प्रवर्धन गर्ने उद्देश्यरहेका छन् ।

उक्त नीतिगत व्यवस्था र यस आर्थिक वर्ष २०७४/७५ को स्वीकृत कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा चीनको ग्वान्जाओमा १ देखि ५ मे सम्म सञ्चालन हुन गैरहेको १२३औ Spring China Import-Export Fair 2018 मा नेपालको सहभागिता हुँदैछ।विश्वकै ठूला मेला मध्येको यो मेलामासहभागिताबाट नेपाली वस्तुलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण रुपमा सघाउ पुग्ने अपेक्षा लिइएको छ ।उक्त मेलामा नेपालको सहभागितालाई प्रभावकारी बनाउन मिति

२०७५/०१/१० का दिन व्यापार तथा निकासी प्रवर्धन केन्द्रमा मेलामा सहभागी हुन जाने उद्यमी, व्यवसायी र मन्त्रालय एवं केन्द्रका पदाधिकारी बीच तयारी बैठक र छलफल कार्यक्रम सम्मन्न भयो ।

नेपालका वस्तुलाई प्रवर्धन गर्ने सन्दर्भमा गर्नुपर्ने मेलाको तयारी र सहभागितालाई प्रभावकारी बनाउने विषयमा मन्त्रालय र केन्द्रका पदाधिकारी क्रमशः सहसचिव तोयानारायण ज्ञवाली, नायव कर्मचारी निर्देशक तेजसिंह विष्ट र विमल नेपालले नीतिगत विषय, मेलाको प्राविधिक पक्ष र तयारीका बारेमा भनाइहरु राखु भएको थियो ।

उक्त मेलामा खासगरी सिंगिङ बल, अल्लोका सामानहरु, चाँदिका गहनाहरु,जडिवुटी,नेपाली कागज, पश्मिना, टिमुर अचार र हस्तकलाका सामानहरु प्रदर्शनमा राखिने र सो बारे सहभागि व्यापारीहरुले मेलाको सन्दर्भमा भएको तयारीका विषयमा जानकारी गराउनु भएको थियो । उक्त छलफलका कार्यक्रममा मन्त्रालय र केन्द्रका पदाधिकारीहरुले उद्योगीहरुले नेपालको प्रतिनिधित्व गर्ने हुँदा मेलामा जानु पूर्व वस्तुको विवरण(Product Profile) भाषागत विषय,आवश्यक कागजात, भन्सार जाँचपास, वस्तुसंग सम्वन्धित कागजात जस्ता विषयमा सम्पूर्ण तयारी गर्नु पर्ने र मेलाको समयमा प्राप्त हुने सुझाव / पृष्ठपोषण मन्त्रालय र केन्द्रलाई उपलब्ध गराउन अनुरोध गरिएको थियो ।

